# वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर



सचिव

# वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत)

**पृष्ठभुमिः**

नेपालमा वर्षेनी नदी कटानवाट जमिन वगरमा परिणत भइरहेकाले खेतीयोग्य जमिन घटने क्रम वढिरहेको छ जसले गर्दा समग्र उत्पादकत्व वढ्न सकिरहेको छैन । यसै सन्दर्भमा वगरमा परिणत भएका नदी /खोला किनारका जग्गाहरुलाई उपयोग गरि युवा, भुमिहिन र न्युन आय भएका कृषकहरुलाई वगरमा तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने गरी कृषकहरुको जीवनस्तर उकास्ने उद्धेश्यले प्रदेश १ प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप बार्षिक स्विकृत कार्यक्रममा वगर खेती कार्यक्रम स्विकृत भएको छ । उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन तथा कार्यान्वियन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि यस **वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** तयार गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५** रहेको छ ।

ख) यो कार्यविधि प्रदेश भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयवाट स्वीकृती भएको मिति वाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) वगर खेती कार्यक्रम (River bed/ River bank farming program )भन्नाले नदी खोला किनारका खेर गै रहेका वगरमा संचालन गरिने तरकारी उत्पादन तथा विक्रि वितरण भन्ने वुझ्नु पर्दछ ।

ख) वगर भन्नाले नदी खोला किनारको उकास जमिन भन्ने वुझ्नु पर्दछ ।

ग) तरकारी खेती भन्नाले नदी खोला किनारका वगरहरुमा लगाइने तरकारी वालीहरुः लौका ,घिरौला, फर्सी, जुकीनी ,काक्रा ,तरवुजा, खरवुजा, परवल, करेला जस्ता लहरे तरकारी वालीको खेती भन्ने वुझ्न् पर्दछ ।

सचिव

**३ उद्धेश्यः**

यस कार्यविधिका उद्धेश्य देहाय वमोजिम रहेको छ

क) नदी खोला किनारको वलौटे उकास जग्गाको सदुपयोग गरी तरकारीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) न्युन आय भएका युवा, शिक्षित बेरोजगार,भूमिहीन कृषकहरुलाई रोजगारीको अवसरहरु श्रृजना गर्न ।

ग) भुमिहीन र न्यून आय भएका कृषक परिवारको आयस्तरमा सुधार ल्याउन ।

## परिच्छेद २

**वगरखेती कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि**

४. वगर खेती कार्यक्रमः यस कार्यविधि अन्तर्गत वगरमा तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।

५. वगर खेती कार्यक्रम, कार्यक्रम छनौटका आधारहरु

वगर खेती कार्यक्रम सञ्चालानार्थ कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी तथा क्लस्टर छनौटका आधारहरु देहाय वमोजिम हेछन ।

क) वगर खेती गरिने स्थल नदी खोला किनार आसपासको उकास वा वगर क्षेत्र हुनुपर्ने छ ।

ख) विगत वर्षदेखि वगरमा तरकारी खेती गर्दै आएका कृषक, कृषक समुह तथा कृषि सहकारीको हकमा परिच्छेद ७ मा तोकिए वमोजिम थप क्षेत्र विस्तार भएको हुनुपर्ने छ र पहिलो पटक वगरमा तरकारी खेती गर्न इच्छुक कृषक, कृषि उद्यमी, कृषक समुह तथा कृषि सहकारी यस कार्यक्रममा संलग्न हुन सक्नेछन ।

ग) वगर खेती आफ्नै स्वामित्वको वगर वा भाडा अथवा ठेक्कामा लिएको अरुको स्वामित्वमा रहेको वगर वा स्थानिय तहको अधिकारमा रहेको खोलाको खाली जग्गा तथा वगर स्थानिय तहको स्वीकृतीमा भाडामा लिएर गर्न संचालन गर्न सकिनेछ ।

घ) भुमिहीन र न्युन आय भएका ,सामाजिक रुपमा पिछडिएका वर्गलाई विषेश प्राथमिकता दिइने छ ।

ङ.) कार्यक्रम सञ्चालन गर्दा नदी खोला किनारको आसपासको कृषक, कृषि उद्यमी, कृषि सहकारी मार्फत क्लस्टरमा कार्यक्रम सञ्चालन गरिनेछ ।

सचिव

च) वगरखेती कार्यक्रम सञ्चालनका लागि कृषि ज्ञान केन्द्रले क्लस्टर छनौट गर्दा क्लस्टरका लागि चाहिने जमिनको उपलव्धता, वगरखेतीको व्यवसायिकरणको सम्भावना लगायत अन्य मापदण्डका आधारमा गर्न सक्नेछ ।

छ) वगरखेती कार्यक्रमका लागि प्रदेश सरकारवाट स्वीकृत बजेटमा स्थानिय तहहरुको साझेदारी र समन्वयमा कार्यक्रमलाई थप विस्तृत गर्न सकिनेछ ।

६. वगरखेती कार्यक्रम संयोजक र निजको दायित्वः

वगर खेती कार्यक्रा सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय वमोजिम हुनेछ ।

क) वगर खेती कार्यक्रमको लागि कृषि ज्ञानकेन्द्रको वागवानी विकास अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमखले कुनै अधिकृत वा कर्मचारी संयोजक तोक्नु पर्नेछ ।

ख) संयोजकले जिल्लामा वगर खेतीमा देखिएको समस्या मध्यनजर गरी सम्वन्धित विषय विशेषज्ञ र स्थानिय तहका कृषि प्राविधिकको सहयोगमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ग) संयोजकले सम्पन्न कार्यहरुको अभिलेख राख्नुपर्नेछ र निर्दिष्ट फर्मेटमा कृषि विकास निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

घ) संयोजकले क्लष्टरमा कृषक र विमा कम्पनीका वीचमा वगरमा गरिएको तरकारी वालीको विमाका लागि समन्वय तथा अन्तरक्रिया गराउनुपर्नेछ ।

७. वगरखेती सञ्चालन प्रक्रिया

वगरखेती कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि सम्वन्धित कृषि ज्ञानकेन्द्रले कार्यक्रम सञ्चालन /कार्यान्वयन गर्नुपर्ने छ ।

क) स्वीकृत कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि सम्वन्धित कृषि ज्ञान केन्द्रले कार्याक्रम सञ्चालन/कार्यान्वयन गर्नेछ ।

ख) सम्वन्धित कृषि ज्ञानकेन्द्रले वगरखेती कार्यक्रम कार्यान्वयनका लागि क्लष्टर छनौट गरी कृषक,कृषक समुह तथा कृषि सहकारीलाई जानकारी गराई कार्यक्रम कार्यान्वयनका कृषक, कृषि उद्यमी,, कृषक समुह तथा सहकारीको छनौट गर्नुपर्नेछ ।

ग) यस कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषक समुह तथा सहकारीले कम्तीमा प्रति क्लष्टर ५ विघा क्षेत्रफल वगरमा तरकारी खेती गर्नुपर्नेछ ।

सचिव

घ) छनौट गरिएका कृषक, कृषि उद्यमी, कृषक समुह तथा सहकारीले अनुसुची २ बमोजिमको बगर खेती कार्यक्रम संचालन कार्ययोजना स्वीकृत गरी अनुसुची १ मा उल्लेखित भएको ढाँचामा सम्झौता गरी क्रियाकलापहरु कार्यान्वयन तथा सञ्चालन गर्नुपर्नेछ ।

ङ) छनौट गरिएका क्लष्टरलाई आवश्यकता र मागका आधारमा यस कार्यक्रम मार्फत तालिका १ अनुसार प्रति क्लष्टर अधिकतम एक लाख पचास हजार सम्म अनुदान उपलब्ध गराईने छ ।अनुगमन तथा ब्यवस्थापकिय कार्यका लागि ५ प्रतिशत रकम कट्टा गरी कन्टीजेन्सीको कृषि ज्ञानकेन्द्रले खर्च गर्ने छ ।

**तालिका १ अनुदान प्रवाह सम्बन्धी विवरण**

| क्र.स. | विवरण | परिमाण |
|---|---|---|
| १ | सिचाईका लागि सामाग्री सहयोग | कम्तीमा २ एचपी मोटर वा ७ एचपी सम्मको पम्पसेट लगायतका अन्य आवश्यक सिचाई सामाग्री, |
| २ | तरकारीको वीउ | |
| ३ | बजार ब्यवस्थापन सामाग्री सहयोग | क्रेट, तराजु, प्लाष्टिक ब्याग आदि |
| ४ | वाली संरक्षणका प्रविधिहरु | मोहिनी पासो जैविक विषादी कलर ट्र्याप आदि |
| ५ | जैविक विषादी प्रयोगका लागि | ब्याट्रीवाट चल्ने पावर स्प्रेयर |
| ६ | बगर जग्गा भाडा रकम | प्रति क्लष्टर रु १००००।- सम्म |
| ७ | बजारिकरण प्रोत्साहान प्रति विघारु ५०००।- प्रोत्साहन | |

नोटः निवेदकले तालिका १ मा समावेश क्रियाकलापहरु मध्ये आफूलाई आवश्यक क्रियाकलापहरु मात्र समावेश गर्न सक्ने छन । उल्लेखित सवै क्रियाकलाप अनिवार्य छैनन ।

च) छनौट गरिएका क्लस्टरले उत्पादन सामाग्रीहरु खरीद गरी कार्य प्रारम्भ गरी वगरमा वाली स्थापित भएपछि कार्यसम्पन्नताका आधारमा प्रथम किस्ता वापत संझौता रकमको पचास प्रतिशत रकम उपलब्ध गराईने छ । कार्यक्रम संयोजकले फिल्ड अनुगमन

सचिव

गरिसकेपछि अनुगमन प्रतिवेदनका आधारमा सम्झौता अनुसार कार्यक्रम सम्पन्न भएपश्चात सम्झौता अनुसारको रकम सम्वन्धितको वैकं खाता मार्फत भुक्तानी गरिने छ ।

छ) यस कार्यक्रम अन्तर्गत छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समुह तथा सहकारीले बसन्ते तरकारी बालीहरु (लौका, घिरौला, फर्सी, जुकीनी, काँक्रा तरबुजा, खरबुजा, परवल, करेला जस्ता लहरे तरकारी वाली)को खेती गर्नु पर्नेछ ।

ज) यस कार्यक्रम अन्तर्गत एक आर्थिक वर्षमा छनौट भई सहयोग प्राप्त गरेको कृषक, कृषि उद्यमी, कृषक समुह तथा सहकारीले थप दुई वर्षसम्म यसै कार्यक्रममा सहभागी हुन निवेदन दिन पाउने छैन ।कृषि ज्ञान केन्द्रले कार्यक्रममा सहभागीहरुको वार्षिक रुपमा विवरण अभिलेख राखु पर्ने छ ।

झ) यस कार्यक्रममा सहभागीतको लागि निवेदकको तर्फवाट संझौता गर्ने ब्यक्ति नेपाली नागरिक हुन अनिवार्य छ ।

**८. कार्य सम्पन्न प्रतिवेदनः**

कृषि ज्ञान केन्द्रले जिल्लामा संचालित बगर खेती कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ । कृषि विकास निर्देशनालयले कृषि ज्ञान केन्द्रबाट प्राप्त प्रगति कम्पाईल गरी मासिक, चौमासिक तथा बार्षिक रुपमा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

**विविध**

९. अनुगमन तथा मुल्याङ्कन व्यवस्थाः कृषि विकास निर्देशनालय र भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयबाट आवश्यकता अनुसार नियमित अनुगमन गरिने छ ।

१०. कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी राखेको हुनु पर्नेछ ।

सचिव

११. कारवाहीको व्यवस्थाः कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही गरिने छ ।

१२.प्रचलित कानून लागू हुनेः बगर खेती कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१३. कार्यविधि संशोधन तथा परिमार्जनः भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१४. बिमाः हरेक कृषक/कृषक समूह तथा सहकारीले सम्भाव्यताको आधारमा विमा गर्न सक्नेछन ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची- १

## बगर खेती कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय/ कृषि विकास निर्देशनालय द्धारा कृषि ज्ञान केन्द्र ................................ मार्फत संचालन गरिने आ.व. ......................... को स्वीकृत बगरखेती कार्यक्रम संचालनगर्न कृषि ज्ञान केन्द्र (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), र ................................................................................... कृषक, कृषक समूह कृषि सहकारी (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने), विच तपशिल शर्तनामाहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता / सहमति भएको छ ।

१. दोस्रो पक्षले बगरमा तरकारी खेती गर्नका लागि कम्तीमा ५ विघाको कलष्टर बनाई लहरे तरकारी खेती गर्नु पर्नेछ ।

२. पहिलो पक्षले यसै सम्झौता साथ संलग्न स्वीकृत बगर खेती कार्यक्रम संचालन कार्ययोजना अनुसार कार्यसम्पन्न गरिसकेपछि अनुदान रकम दोश्रो पक्षको बैक खाता मार्फत उपलब्ध गराउनेछ ।

३. पहिलो पक्षवाट दोश्रो पक्षलाई आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गरिनेछ ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रम संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवरी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
कृषि ज्ञान केन्द्रको तर्फवाट
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

दोश्रो पक्ष
कृषक/कृषक समूह तथा कृषि सहकारीको तर्फवाट
नामः
पदः
दस्तखतः
मितिः
सस्थाको छापः

अनुसूची २

## बगर खेती कार्यक्रम संचालनकार्ययोजना

कार्यक्रम संचालन गर्ने संस्था वा उद्यमीको नाम.......................................... ठेगाना ..........................

| क्रस | क्रियाकलाप | ईकाई | परिमाण | दर रु | जम्मा रकम रु | कृषि ज्ञान केन्द्रवाट सहयोग रु | आफ्नो लगानी रु | सम्पन्न हुने समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

तयार गर्ने

स्वीकृत गर्ने

## अनुसूची ३

वगर खेती कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाचाँ

१. कृषक समुह

नाम:

ठेगाना:

आ.व .

प्रगति प्रतिवेदन अवधिः चौमासीक / वार्षिक

| क स | कृषकको नाम | तरकारी | क्षेत्रफल | उत्पादन | मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्रि मुल्य:

१ . ………………… २.. ………………….. ३. ……………………

नाम :

ठेगना :

मितिः

सचिव